बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः ३ संख्याः १७ मितिः२०७९/०१/०४

भाग -२

## बर्जु गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाको बैठकले बनाएको यो नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बर्जु गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**+बर्जु गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०७९**

**प्रस्तावनाः** यस बर्जु गाउँपालिकामा रहेका गरिब विपन्न, असहायहरु, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेका, शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरुसँगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न बर्जु गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बर्जु गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधी-२०७९ बनाई गाउँ कार्यपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधीको नाम "**बर्जु गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधी-२०७९**" रहेको छ ।

ख. यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क. **"ऐन"** भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्झनु पदर्छ ।

ख. **"गाउँपालिका"** भन्नाले बर्जु गाउँपालिकाको कार्यालयलाई सम्झनु पदर्छ ।

ग. **"कार्यपालिका"** भन्नाले बर्जु गाउँपालिकाको कार्यालयलाई सम्झनु पदर्छ ।

घ. **"कार्यालय"** भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ. **"आर्थिक सहायता"** भन्नाले बर्जु गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनु पर्दछ ।

च. **"असहाय"** भन्नाले पालनपोषण गर्न आमाबाबु वा कुनै अभिभावक नभएका विपन्न अवस्थाको व्यक्ति भन्ने सम्झनु पर्दछ ।

छ. **"गरिब"** भन्नाले आफ्नो आम्दानीले ३ महिना सम्म पनि खान नपुग्ने, आय आर्जनको कुनै स्रोत नभएका घर परिवार भन्ने सम्झनु पर्दछ ।

ज. **"संघ सस्था"** भन्नाले खेलकुद सम्बन्धी कार्य गर्ने क्लबहरु, पर्यटन प्रवर्द्धन सम्बन्धी कार्य गर्ने सस्थाहरु, स्वास्थ्य सम्बन्धी शिविर संचालन गर्ने आधिकारिक सस्थाहरु, शिक्षा सम्बन्धी कार्य गर्ने गैर नाफामुलक सस्थाहरुलाई सम्झनु पर्दछ ।

झ. **"आकस्मिक कोष"** भन्नाले गाउँसभाले यस कार्य विधिको दफा ३ को १,२,३,५ र ६ वमोजिमको लागि खर्च गर्ने रकम रहेको कोषलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. बर्जु गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१. **दुर्घटनाः** पालिकावासी कुनै ठूलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा निजलाई अवस्था हेरी उपचारको लागि एक पटकमा रु. ५,०००/- देखि रु. ५०,०००/- सम्म उपलब्ध गराउन सकिने छ ।

२. **दीर्घरोगीः** पालिकावासीहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसी गर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएका तर गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेका व्यक्तीलाई अवस्था हेरी एक पटकमा रु. १०,०००/- देखि रु. १,००,०००/-सम्म उपलब्ध गराउने ।

३. **विपद्:**प्राकृतिक तथा मानवीय व्यवहारबाट सिर्जित विपदबाट मानवीय, आर्थिक, भौतिक क्षतिको आँकलन गरी निजको अवस्था हेरी एक पटकमा रु. ५,०००।–देखि रु. ५०,०००।– सम्म उपलब्ध गराउन सकिने छ ।

४. **असहायः** यस पालिकामा बसोबास गर्ने कुनै व्यक्तीको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई वेवारिशे अवस्थामा रहेका र अन्यको आश्रय लिनु परेको, आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको पालिकावासीले आफुले कुनै उद्यम गर्न सहयोग माग गरेमा,आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको त्यस्ता असहाय, वेवारिसे मानिसहरु, मानसिक सन्तुलन बिग्रिएको, वेवारीसे, वेवारिसे चौपाया ठेगाना लगाउनको लागि अवस्था हेरी एक पटकमा बिउ पुजीको रुपमा रु.१०,०००/-देखि रु. ५०,०००/- सम्म सहायता दिन सकिने छ ।

क. यस पालिका अन्तर्गतका धार्मिक,सांस्कृतिक,मठमन्दिर पूजापाठ पुरान,सत्संग आदि जस्ता कार्यक्रममा वडाको हकमा बढीमा १५ हजार तथा अध्यक्षको तोकआदेशमा बढीमा,२५ हजार र सो भन्दा बढी सहयोग गर्नु पर्ने भएमा कार्यपालिकाको निर्णय बमोजिम उपलब्ध गराईनेछ ।

**परिच्छेद-३**

**आर्थिक सहायता भुक्तानी प्रक्रिया**

४. **भुक्तानी प्रक्रियाः** पालिका प्रमुखको तोक आदेशमा आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

१. मानविय सहायताः दफा ३ को उपदफा (१)(२) र (३) बमोजिम आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

क. निवेदन, नागरिकता, र आवश्यक परेमा वडा कार्यालयको सिफारिस ।

ख. उपचारको हकमा विरामीको नजिकको मान्छेको निवेदन, प्रमाणपत्रहरु हुनु पर्ने छ ।

२. संघ/संगठनको हकमा आधिकारीक पत्र भएको हुनुपर्ने छ ।

३. सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ तर संघ/संगठनको हकमा AC/Payee मार्फत भुक्तानी हुनेछ ।

४. गाउँसभाले बिनियोजन गरेको आकस्मिक कोषको स्थानिय तह विविध कोष खाता बजेटको परिधि भित्र रही एक व्यक्ती, संघ संगठनलाई एक वर्षमा १ पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

आज्ञाले

**प्रमोदकुमार चौधरी**

**प्रमुख प्रशासकीय अधिकृत**